बैठक संख्याः ११

श्री

आज मिति २०८१ साल बैशाख ३१ गते अपरान्ह २:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री प्रकाश खनाल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौं | |

प्रस्तावहरु :

१. राजश्व परिचालन सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन सम्बन्धमा ।
२. वनदेवी वडा नं १६ र शिवालय वडा नं ४ को गुरुयोजना निर्माण सम्बन्धमा ।
३. "बर्दघाट नगरपालिकाको सहकारी संस्था निरीक्षण तथा अनुगमन सम्बन्धी ..., २०८१" सम्बन्धमा
४. कक्षा ४ को अनुमति सम्बन्धमा ।
५. मस्यौदा समिति/टोली गठन सम्बन्धमा ।
६. बजेट खर्च सम्बन्धमा ।
७. चिसापानी-मझौनी सडकको मापदण्ड सम्बन्धमा ।
८. आगामी आर्थिक वर्ष २०८१/०८२ को कार्यतालिका, मार्गदर्शन र बजेट सिलिङ्ग सम्बन्धमा ।
९. विविध ।
   क) तालिम गोष्ठी सम्बन्धमा ।

**निर्णय नं. १**

- यस नगरपालिकाको राजश्व परिचालन सम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन निर्माण गर्नको लागि श्री ग्लोवल सोसल रिसर्च एण्ड कन्सल्टेन्सी सर्भिस प्रा.लि. काठमाण्डौ संग सम्झौता भएकोमा उक्त संस्थाले तयार गरेको मस्यौदा प्रतिवेदन उपर छलफल गरि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरि सिफारिस भई आएको अन्तिम प्रतिवेदन अनुमोदन गर्ने ।

**निर्णय नं. २**

- यस नगरपालिकाको वडा नं १६ को वनदेवी र वडा नं ४ को शिवालयको गुरुयोजना निर्माण गर्नको लागि श्री जियो. कोड. नेपाल इन्जिनियर कन्सल्टेन्सी प्रा.लि. काठमाण्डौ संग सम्झौता भएकोमा उक्त संस्थाले तयार गरेको वनदेवी र शिवालय मन्दिरको गुरुयोजना निर्माण को मस्यौदा प्रतिवेदन उपर छलफल गरि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरि सिफारिस गर्न प्राविधिक समितिलाई जिम्मा दिइएको मस्यौदा प्रतिवेदन अनुमोदन गर्ने ।

**निर्णय नं. ३**

- विधेयक समितिबाट दफावार छलफल भई आएको "बर्दघाट नगरपालिकाको सहकारी संस्था निरीक्षण तथा अनुगमन सम्बन्धी ..........,२०८१ स्वीकृत गर्ने ।

**निर्णय नं. ४**

- बर्दघाट नगरपालिका वडा नं १३ स्थित श्री मदरसा अरविया मदारुल ओलुम, जमुनावारीले आवश्यक पूर्वाधार पुरा भएकोहुँदा कक्षा-४ को अनुमति पाउँ भनि पेश गरेको निवेदनमा मिति २०८१/०१/१२ को नगर शिक्षा समितिबाट सिफारिस भई आएकोले बर्दघाट नगर शिक्षा (पहिलो संशोधन) ऐन, २०७९ को दफा २९ को उपदफा (१) वमोजिम उक्त विद्यालयलाई कक्षा-४ को अनुमति प्रदान गर्ने ।

निर्णय नं. ५

- चालु आर्थिक वर्ष २०८०/०८१ मा शिक्षातर्फको सशर्त कार्यक्रम (इन्स्योर परियोजना) अन्तर्गत व्यावसायिक सिप मुलक तालिम सञ्चालन, अनुगमनसम्बन्धी कार्यविधि तथा निर्देशिका (८१२) र वृत्ति मार्गनिर्देशन सम्बन्धी नीति, रणनीति, कार्यविधि वा आवधिक/वार्षिक योजना निर्माण (७९९) गर्न मस्यौदा समिति/टोली गठन गर्ने भन्ने लुम्बिनी प्रदेश सरकारको आ.व. २०८०/०८१ स्वीकृत वार्षिक कार्ययोजनामा व्यवस्था भएवमोजिम देहायको मस्यौदा समिति/टोली गठन गर्ने ।

तपशिल

संयोजकः प्रकाश खनाल, प्रमुख प्रशासकीय अधिकृत
सदस्यः लोकराज पन्थी, उपसचिव शिक्षा
सदस्यः विष्णुलाल पुरी, लेखा अधिकृत
सदस्यः कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौं
सदस्य-सचिवः गोविन्द शर्मा, शिक्षा अधिकृत

निर्णय नं. ६

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८०/०८१) **सार्वजनिक पोखरी सँरक्षण तथा व्यवस्थापन वडा नं ६ र ७** शीर्षकमा (ब.सि.नं २०३) मा छुट्टाईएको बजेट रु १०,००,०००/- (रुपैया दश लाख मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट वाँडफाँड भएको देहाय वमोजिम रकम अनुमोदन गर्ने

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | सार्वजनिक पोखरी सँरक्षण तथा व्यवस्थापन | ६ | ५,००,०००.० | वडाको माग वमोजिम | |
| २. | सार्वजनिक पोखरी सँरक्षण तथा व्यवस्थापन | ७ | ५,००,०००.० | वडाको माग वमोजिम | |

ख) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८०/०८१) **कुलो घोला र खोला सफाई** शीर्षकमा (ब.सि.नं १७६) मा छुट्टाईएको बजेट रु २५,००,०००/- (रुपैया पच्चिस लाख मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट वाँडफाँड भएको देहाय वमोजिम रकम अनुमोदन गर्ने

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | वडा नं ९ र ११ को सिमानामा पर्ने कुलो सफाई | ११ | ३,५०,०००.० | वडाको माग वमोजिम | |

ग) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८०/०८१) **मर्मत सम्भार कोषा कट्टि** शीर्षकमा (ब.सि.नं १९२) मा छुट्टाईएको बजेट रु ५०,००,०००/- (रुपैया पचास लाख मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट वाँडफाँड भएको देहाय वमोजिम रकम अनुमोदन गर्ने

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | वडा नं ९ र ११ को सिमानामा पर्ने कुलो सफाई तथा कल्भर्ट निर्माण | ११ | १,००,०००.० | वडाको माग वमोजिम | |
| २ | हाटवजार मर्मत तथा व्यवस्थापन | ९ | ५०,०००.० | वडाको माग वमोजिम | |

घ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८०/०८१) **बुद्धमँगल ताल पर्यटकीय पूर्वाधार निर्माण** शीर्षकमा (ब.सि.नं १८७) मा छुट्टाईएको बजेट रु ३५,००,०००/- (रुपैया पैतीस लाख मात्र) बोलपत्र आह्वान गरी बाँकी रहेको रकमबाट सोही क्षेत्रमा देहाय वमोजिमको थप काम गर्ने ।

| सि.नं | योजनाको नाम | छुट्टाउनु पर्ने रकम | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|
| १. | बुद्धमंगल ताल पर्यटकिय पूर्वाधार निर्माण थप काम गर्ने । | ९,५०,०००/- | पूर्वाधार निर्माण | |

ङ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८०/०८१) **राम जानकी मन्दिर सँरक्षण तथा विविध पूर्वाधार निर्माण** शीर्षकमा (ब.सि.नं ५६१) मा छुट्टाईएको बजेट रु २५,००,०००/- (रुपैया पच्चिस लाख मात्र) बोलपत्र आह्वान गरी बाँकी रहेको रकमबाट सोही क्षेत्रमा देहाय वमोजिमको थप काम गर्ने ।

| सि.नं | योजनाको नाम | छुट्टाउनु पर्ने रकम | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|
| १. | रामजानकी मन्दिरमा पूर्वाधार निर्माण | ५,५०,०००/- | पूर्वाधार निर्माण | |

च) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८०/०८१) **नमुना बालमैत्री विद्यालय विकास कार्यक्रम राष्ट्रिय मा.वि. र शिरोमणी प्रा.वि.** शीर्षक (ब.सि.नं ७२३) मा छुट्टाईएको बजेट रु ७,५०,०००/- (रुपैया सात लाख पचास हजार मात्र) लाई देहाय वमोजिम बाँडफाँड गर्ने भनि मिति २०८१/०१/१२ को नगर शिक्षा समितिबाट निर्णय भई आएकोले अनुमोदन गर्ने ।

| सि.नं | योजनाको नाम | छुट्टाउनु पर्ने रकम | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|
| १. | नमुना बालमैत्री विद्यालय विकास कार्यक्रम राष्ट्रिय मा.वि. बर्दघाट-७ | ३,५०,०००/- | बालमैत्री कार्यक्रम | |
| २. | नमुना बालमैत्री विद्यालय विकास कार्यक्रम शिरोमणी प्रा.वि. बर्दघाट-११ | ४,००,०००/- | बालमैत्री कार्यक्रम | |

छ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८०/०८१) मा प्रदेश सरकारबाट विशेष अनुदान तर्फ गरीव तथा विपन्न नागरिकहरुलाई शुद्ध खानेपानी पहुँच अभिवृद्धि गर्ने. शीर्षक (प्रदेश सरकार विशेष अनुदान) मा प्राप्त भएको बजेट रु १०,००,०००/- (रुपैया दश लाख मात्र) लाई देहाय वमोजिम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | छुट्याउनु पर्ने रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|
| १. | चिसोमुल खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, बर्दघाट-२ | ५,००,०००/- | खानेपानी पाइपलाइन विस्तार | |
| २. | दाउन्नेदेवी खानेपानी तथा सरसफाई उपभोक्ता समिति, बर्दघाट-१४ धर्मवस्ति | ५,००,०००/- | खानेपानी पाइपलाइन विस्तार | |

निर्णय नं. ७

- साविक ग्रामीण आवास कम्पनी हालको राष्ट्रिय आवास कम्पनी लि. योजना कार्यालय, बर्दघाट-१, नवलपरासीले साविक समयमा सो क्षेत्रमा जग्गा वितरण गर्दा चिसापानी-मझौनी सडकमा १० मिटर सडक मापदण्ड तथा नक्सा कायम गरी आवासिय घडेरी वितरण गरी पक्कि घर समेत निर्माण भएकोमा हाल आएर नेपाल सरकार शहरी विकास मन्त्रालयको मिति २०८०/०७/१९ को पत्रमा उक्त सडक स्तरोन्नती गरी २० मिटर सडक मापदण्ड र ६ मिटर सेडव्याक कायम गर्दा स्थानीयवासीहरु लाई साह्रै कठिनाइ हुन गएको भनि बर्दघाट नगरपालिका, २ नं वडा कार्यालयको च.नं. २०३२ मिति २०८१/०१/२५ को पत्रमा उल्लेख भई आएकोले उक्त सडक जिल्लास्तरीय सडक मान्दै आएकोमा उक्त सडकलाई नगरपालिकास्तरीय सडक कायम राख्न सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय नं. ८

- बर्दघाट नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ मा वार्षिक नगर विकास योजना तर्जुमा गर्ने सन्दर्भमा राजश्व परामर्श समितिको सिफारिसमा गरिएको आन्तिरक आयको प्रक्षेपण, संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न शिर्षकमा प्राप्त बजेट सिलिङ्, विभिन्न विषयगत समितिको वैठकबाट भएको सिफारिस तथा मिति २०८१/०१/३१ को श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको वैठकको सिफारिस समेतको आधारमा देहायअनुसारको योजना तर्जुमा सम्बन्धी मार्गदर्शन, योजना प्राथमिकिकरणको आधार, वडागत तथा विषयगत बजेट सिलिङ्ग समेत पारित गर्ने निर्णय गरियो

निर्णय नं ९ विविध ।

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आव २०८०/०८१) मा प्रदेश सरकारबाट विशेष अनुदान तर्फ संघ संस्था तथा क्लवहरुलाई नेतृत्व विकास सम्बन्धि कार्यक्रम. शीर्षक (सि नं ३०७) मा प्राप्त भएको बजेट रु १,००,०००/- (रुपैया एक लाख मात्र) बाट वडास्तरका टोल विकास संस्थालाई अभियानको रुपमा कार्यक्रम संचालन गर्ने ।

| क स. | शिर्षक | आ.व. ०७९/०८० को यथार्थ | आ.व. ०८०/०८१को सँसोधित अनुमान | आ.व. ०८१/८२को अनुमान |
|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व | | | |
| १.१ | सम्पत्ति कर | ४,४३४,२४०.०० | ५,७७९,०६५.३१ | ६,०००,०००.०० |
| १.२ | भूमि कर | ४,९०५,०००.०० | ९,३५५,९५९.९१ | १०,०००,०००.०० |
| १.३ | घर जग्गा वहाल कर | ९,६७७,०००.०० | ८,८४१,१६४.२७ | १०,०००,०००.०० |
| १.४ | व्यावसाय कर | ३,२९४,४१०.०० | ४,००१,१३३.३३ | ४,५००,०००.०० |
| १.५ | वहाल विरौटी शुल्क | ८,९२६,८३६.०० | ११,६७५,६०१.६५ | १७,०००,०००.०० |
| १.६ | पार्किङ्ग शुलक शौचालय समेत | ९००,०००.०० | ९३२,२५०.०० | १,०००,०००.०० |
| १.७ | जडिवुटी, कवाडी र जीवजन्तु कर | ४००,०००.०० | १,२१८,१४०.०० | १,४४०,०००.०० |
| १.८ | सिफारिस दस्तुर | १३,९५६,६३०.०० | १५,७८७,१३७.२१ | १६,०००,०००.०० |
| १.९ | नक्सा पास दस्तुर | १,३०७,०८२.०० | १३,५६१,८६८.७९ | ५,५००,०००.०० |
| १.१० | अन्य दस्तुर | १,७४७,२१०.०० | १,६११,८३२.०० | १,७००,०००.०० |
| १.११ | अन्य राजश्व | १००,८१०.०० | ३१८,४९५.८७ | ३,२००,०००.०० |
| १.१२ | अन्य सेवा शुल्क | ५०,८००.०० | ६,०५३.३३ | १००,०००.०० |
| १.१३ | अन्य विक्रि | २८०,०००.०० | २८०,०००.०० | ३००,०००.०० |
| १.१४ | प्रशासनिक दण्ड जरिवाना जफत | २,४३०,५२१.०० | १,२९०,७३३.३३ | १,५००,०००.०० |
| १.१५ | वेरुजु | ३,३४७,५५२.०० | २००,०००.०० | ४००,०००.०० |
| १.१६ | सरकारी सम्पत्ति वहालबाट प्राप्त आय | १०८,४७८.०० | १००,०००.०० | १००,०००.०० |
| १.१७ | व्यक्तिगत घटना दस्तुर | ७३१,८९०.०० | ७५८,६८०.०० | ८००,०००.०० |
| १.१८ | साना सवारी कर | ६४४,०५२.०० | ४००,०००.०० | ४००,०००.०० |
| १.१९ | न्यायीक दस्तुर | १७,२१०.०० | २९,३३३.३३ | ३०,०००.०० |
| १.२० | नाता प्रमाणित दूस्तुर | ३०,७००.०० | ३०,०००.०० | ३०,०००.०० |
| क | जम्मा | ५७,२९०,४२१.०० | ७६,१७७,४४८.३३ | ८०,०००,०००.०० |
| २ | राजश्व बाँडफँड | | | |
| २.१ | मूल्य अभिवृद्दि कर, अन्त शुल्क र प्राकेतिक श्रातका रोयल्टी | १०२,१०७,५००.०० | १३५,१२३,०००.०० | १४३,५००,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| २.२ | विज्ञापन कर | ४००,०००.०० | ४१२,५००.०० | ४१२,५००.०० |
| २।३ | नदिजन्य पदार्थ | - | - | ५,०००,०००.०० |
| २।४ | घर जग्गा रजिष्ट्रेशन र सवारी साधन कर | ४६,३००,०००.०० | ४२,४००,०००.०० | ५०,०००,०००.०० |
| ख | जम्मा | १४८,८०७,५००.०० | १७७,९३५,५००.०० | १९८,९१२,५००.०० |
| | अन्य आय लागत सहभागिता | | २,५००,०००.०० | ५,०००,०००.०० |
| ग | गत वर्षको मौज्जात | १३६,१५४,०७३.०० | ११४,८८९,०४९.०० | ५३,७१७,५००.०० |
| कखंग जम्म | जम्मा | ३४२,२५१,९९४.०० | ३६९,००१,९९७.३३ | ३३७,६३०,०००.०० |
| ३ | अन्तर सरकारी वित्तिय हस्तान्तरण | | | |
| ३.१ | नेपाल सरकार बाट प्राप्त हुने अनुदान | | | |
| ३.१.१ | वित्तिय समानीकरण अनदुान | १७७,४१५,०००.०० | १६६,६००,०००.०० | १६९,७००,०००.०० |
| ३.१.२ | शशर्त अनुदान | ३३१,८३७,०००.०० | ३३२,०००,०००.०० | ३४०,०००,०००.०० |
| ३.१.३ | समपुरक अनुदान | २०,०००,०००.०० | ८,०००,०००.०० | १०,०००,०००.०० |
| ३.१.४ | विशेष अनुदान | २०,०००,०००.०० | २१,५००,०००.०० | २०,०००,०००.०० |
| घ | जम्मा | ५४९,२५२,०००.०० | ५२८,१००,०००.०० | ५३९,७००,०००.०० |
| ३.२.१ | प्रदेश सरकार बाट प्राप्त हुने अनुदान | | | |
| ३.२.२ | वित्तिय समानीकरण अनदुान | १०,८४२,०००.०० | १२,५८८,०००.०० | १२,०२०,०००.०० |
| ३.२.३ | शशर्त अनुदान | १२,५००,०००.०० | २४,१५०,०००.०० | २४,१५०,०००.०० |
| ३.२.४ | समपुरक अनुदान | २०,०००,०००.०० | १५,०००,०००.०० | १०,५००,०००.०० |
| ३.२.५ | विशेष अनुदान | ९,०००,०००.०० | १,०००,०००.०० | १,०००,०००.०० |
| ङ | जम्मा | ५२,३४२,०००.०० | ५२,७३८,०००.०० | ४७,६७०,०००.०० |
| गघंङ | कूल जम्मा | ९४३,८४५,९९४.०० | ९४९,८३९,९९७.३३ | ९२५,०००,०००.०० |

# सञ्चित कोषबाट विनियोजित रकम

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|
| १ | **नगरकार्यपालिका** | | | |
| १.१ | सञ्चालन खर्च( न.पा.र वडा समेत) | १५००००००0।0 | ५०००००0।0 | १५५००००००0।0 |
| १.२ | म्याद थप भएका योजनाको भूक्तानी | | 0।0 | 0।0 |
| १.३ | समपुरक /लागत साझेदारी | 0।0 | ५००००००0।0 | ५००००००0।0 |
| १.४ | कन्टीन्जेन्सी खर्च | २५०००००0।0 | २५०००००0।0 | ५००००००0।0 |
| १.५ | केन्द्र विषेश | 0।0 | २००००००००।0 | २००००००००।0 |
| १.६ | केन्द्र समपुरक | 0।0 | १००००००००।0 | १००००००००।0 |
| १.७ | प्रदेश समपुरक | 0।0 | १०५०००००0।0 | १०५०००००0।0 |
| १.८ | प्रदेश विषेश | | १००००००0।0 | १००००००0।0 |
| १.९ | प्रदेश ससर्त | ११६५०००0।0 | १२५०००००0।0 | २४१५०००0।0 |
| १.१० | मर्मत सम्भार कोष | 0।0 | १००००००००।0 | १००००००००।0 |
| १.११ | विपद व्यवस्थापन कोष | 0।0 | ५०००००0।0 | ५०००००0।0 |
| १.१२ | नमुना वडा विकास कार्यक्रम | 0।0 | १००००००००।0 | १००००००००।0 |
| १.१३ | सडक वति महसुल भूक्तानी बक्यौता समेत | ६००००००0।0 | 0।0 | ६००००००0।0 |
| १.१४ | नगरका गौरवका योजना | 0।0 | ६३३५०००0।0 | ६३३५०००0।0 |

| | | | | |
|---|---|---|---|---|
| | क जम्मा | १७०१५०००००।० | ३०२३५०००००।० | ३७२५००००००।० |
| २ | वडा समिति (ख जम्मा) | २००००००००।० | ८००००००००।० | १०००००००००।० |
| ३ | विषयगत शाखा | | | ०।० |
| ३.१ | विषयगत शाखा ससर्त | ३०८००००००००।० | ३२००००००००।० | ३४०००००००००।० |
| ३.२ | विषयगत शाखा निशर्त | ६२५००००००।० | ५००००००००।० | ११२५००००००।० |
| ३.२.१ | कृषि शाखा | ०।० | ३००००००००।० | ३००००००००।० |
| ३.२.२ | पशुपंक्षी शाखा | ०।० | १००००००००।० | १००००००००।० |
| ३.२.३ | महिला शाखा | ७५००००००।० | ०।० | ७५००००००।० |
| ३.२.४ | शिक्षा यूवा तथा खेलकुद शाखा प्रज्ञा प्रतिष्ठान समेत | २५००००००००।० | १००००००००।० | ३५००००००००।० |
| ३.२.५ | स्वास्थ्य शाखा | २७५००००००।० | ०।० | २७५००००००।० |
| ३.२.६ | न्यायीक समिति | २५००००००।० | ०।० | २५००००००।० |
| ३.२.७ | चिसापानी अस्पताल | २५००००००।० | ०।० | २५००००००।० |
| ४ | ग जम्मा | ३७०५००००००।० | ८२०००००००।० | ४५२५००००००।० |
| ५ | कूल जम्मा | ५६०६५०००००।० | ३६४३५०००००।० | ९२५००००००००।० |
| | सामाजिक सुरक्षा | २८०००००००००।० | ०।० | २८०००००००००।० |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश
नेपाल

बर्दघाट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

सञ्चित कोषबाट विनियोजित रकमबाट वडा समितिलाइ दिइएको बजेट सिलिङ्ग

आ.व. २०८१।०८२

| वडा। न | जनसंख्या (३० | विकास आवश्यकता १० | राजश्व को योगदान( ४० | भुगोल( २० | अंक भार अनुपात | समानिकरण | सुत्रगत वितरण | जम्मा रकम | आर्थिक विकास(२५ | सामाजिक विकास(२५ | पुर्वाधार विकास( ४० | वातावरण तथा विपद् व्यवस्थापन ( ५ | सुशासन तथा संस्थागत विकास (५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १।०५ | ०।४८ | २।६० | ०।३२ | ४।४५ | २५०००००।० | २६७००००।० | ५१७००००।० | १२९२५००।० | १२९२५००।० | २०६८०००।० | २५८५०।० | २५८५०।० |
| २ | २।५८ | ०।८४ | २।८२ | ६।९७ | १३।२१ | २५०००००।० | ७९२४८००।० | १०४२४८००।० | २६०६२००।० | २६०६२००।० | ४१६९९२०।० | ५२१२४०।० | ५२१२४०।० |
| ३ | ०।५१ | ०।४८ | ०।७२ | ०।२५ | १।९६ | २५०००००।० | ११७४८००।० | ३६७४८००।० | ९१८७००।० | ९१८७००।० | १४६९९२०।० | १८३७४०।० | १८३७४०।० |
| ४ | ६।२४ | १।२८ | ७।५० | १।६१ | १६।६३ | २५०००००।० | ९९७६८००।० | १२४७६८००।० | ३११९२००।० | ३११९२००।० | ४९९०७२०।० | ६२३८४०।० | ६२३८४०।० |
| ५ | १।५३ | ०।७८ | २।४४ | २।०९ | ६।८४ | २५०००००।० | ४१०२८००।० | ६६०२८००।० | १६५०७००।० | १६५०७००।० | २६४११२०।० | ३३०१४०।० | ३३०१४०।० |
| ६ | ०।६० | ०।४८ | १।१४ | ७।२५ | २।४७ | २५०००००।० | १४८०८००।० | ३९८०८००।० | ९९५२००।० | ९९५२००।० | १५९२३२०।० | १९९०४०।० | १९९०४०।० |
| ७ | ०।९९ | ०।५२ | १।४२ | ०।२३ | ३।१६ | २५०००००।० | १८९७२००।० | ४३९७२००।० | १०९९३००।० | १०९९३००।० | १७५८८८०।० | २१९८६०।० | २१९८६०।० |
| ८ | ०।६६ | ०।४४ | १।१८ | ०।२२ | २।५० | २५०००००।० | १४९७६००।० | ३९९७६००।० | ९९९४००।० | ९९९४००।० | १५९९०४०।० | १९९८८०।० | १९९८८०।० |
| ९ | १।२० | ०।८२ | १।७८ | ०।१२ | ३।९२ | २५०००००।० | २३४९६००।० | ४८४९६००।० | १२१२४००।० | १२१२४००।० | १९३९८४०।० | २४२४८०।० | २४२४८०।० |
| १० | १।७४ | ०।५८ | २।३० | ०।८७ | ५।५० | २५०००००।० | ३२९७६००।० | ५७९७६००।० | १४४९४००।० | १४४९४००।० | २३१९०४०।० | २८९८८०।० | २८९८८०।० |
| ११ | १।१४ | ०।५२ | २।१४ | ०।७१ | ४।५१ | २५०००००।० | २७०७२००।० | ५२०७२००।० | १३०१८००।० | १३०१८००।० | २०८२८८०।० | २६०३६०।० | २६०३६०।० |
| १२ | २।१३ | ०।५२ | ३।३८ | ०।८५ | ६।८८ | २५०००००।० | ४१२६८००।० | ६६२६८००।० | १६५६७००।० | १६५६७००।० | २६५०७२०।० | ३३१३४०।० | ३३१३४०।० |
| १३ | २।५५ | ०।५२ | ३।४६ | १।२४ | ७।७७ | २५०००००।० | ४६६२०००।० | ७१६२०००।० | १७९०५००।० | १७९०५००।० | २८६४८००।० | ३५८१००।० | ३५८१००।० |
| १४ | ३।०० | ०।६६ | ३।०२ | ०।९१ | ७।५९ | २५०००००।० | ४५५५२००।० | ७०५५२००।० | १७६३८००।० | १७६३८००।० | २८२२०८०।० | ३५२७६०।० | ३५२७६०।० |
| १५ | २।०७ | ०।५२ | २।६८ | ०।६६ | ५।९३ | २५०००००।० | ३५६०४००।० | ६०६०४००।० | १५१५१००।० | १५१५१००।० | २४२४१६०।० | ३०३०२०।० | ३०३०२०।० |
| १६ | २।०१ | ०।५६ | १।४२ | २।७० | ६।६९ | २५०००००।० | ४०१६४००।० | ६५१६४००।० | १६२९१००।० | १६२९१००।० | २६०६५६०।० | ३२५८२०।० | ३२५८२०।० |
| | ३० | १० | ४०।०० | २०।०० | १००।०० | ४००००००००।० | ६०००००००।० | १०००००००००।० | २५०००००००।० | २५०००००००।० | ४००००००००।० | ५००००००।० | ५००००००।० |

## विषयगत शाखा तथा वडास्तरीय बजेट तर्जुमा मार्गदर्शन आ.व. २०८१।८२

सीमित स्रोत र साधनलाई अधिकतम उपयोग गरी स्थानीय सरकारको आर्थिक सामाजिक विकास गर्ने महत्वपूर्ण दस्तावेजको रुपमा बजेटलाई लिइन्छ । नागरिकहरुको अपेक्षाहरुको तुलनामा हाम्रो स्रोत र साधन सीमित रहेको छ । यो सीमित स्रोत र साधनलाई नागरिकको अधिकतम हित प्रवर्धन गर्ने गरी विनियोजन गर्नु पर्दछ । बजेटको विवेकशील विनियोजन नै आजको आवश्यकता हो । अर्थतन्त्रमा आएको संकुचन सँगै संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान राजस्व बाँडफाँड र समपूरक अनुदान समेत संकुचन भएको छ । यस अवस्थालाई ध्यानमा राखेर हामीले बजेटलाई अधिकतम विवेकशील भएर विनियोजन गर्नु पर्ने भएको छ ।

**योजना प्राथमिकिकरणका आधारहरु**

- चालु आ.व.का अधुरा आयोजनाहरु
- बर्दघाट नगरपालिकाको ५ वर्षे आवधिक योजना र मध्यकालिन संरचनमा उल्लेखित योजनाहरु
- श्रममुलक प्रविधिमा आधारित, उत्पादनमूलक र स्थानीय स्तरमा रोजगारी र आम्दानी अभिवृद्धि गर्न सहयोग पुर्याउने योजनाहरु
- स्थानीय श्रोत, साधन, सीपको अधिकतम प्रयोगबाट छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरु
- स्थानीय सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने र कम लागत लाग्ने योजनाहरु
- स्थानीय मजदुर, कृषक, महिला, सिमान्तीकृत वर्ग र पिछडिएको क्षेत्रलाई फाइदा पुग्ने योजनाहरु
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवद्र्धन र विपद् व्यवस्थापनमा सहयोग पुग्ने योजनाहरु

**क) वडागत बजेट बाँडफाँटका सूचकहरु :**

- हामीले वडा कार्यालयहरुको संस्थागत विकास गरी कानूनले दिएका जिम्मेवारी वडा तहबाट सम्पादन गर्ने दृष्टकोणका साथ कामहरु अगाडि बढाई रहेका छौ तदअनुसार देहायका सूचकका आधारमा वडागत बजेटको सिलिङ्ग तय गरिएको छ ।
- जनसंख्या, भूगोल, राजस्व परिचालनको अवस्था, वडाको खर्चको आवश्यकता र औचित्यता, सामाजिक सांस्कृतिक विविधता मानव विकासको अवस्था लगायतका विषयहरु समेटिएका छन्।

**ख) <u>वडास्तरीय योजना तर्जुमा सम्बन्धी मार्गदर्शन/वस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नुपर्दछ ।</u>**

- वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने वडा सदस्यहरुलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी बाँडफाँड गर्ने,
- प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउने,
- बस्तीतहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था मिलाउने
- टोल/वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल, वस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (सहकारी, टोल विकास संस्था, आमा समूह, वाल क्लव/सञ्जाल, युवा क्लव, गैसस, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह) लाई पनि सहभागी गराउनु पर्नेछ

**योजना तर्जुमा गर्दा देहाय बमोजिमका आयोजनाहरुलाई प्राथमिकता दिने ।**

**१. आर्थिक विकास सम्बन्धी ( कृषि, खाध्यशुरक्षा र सिचाई, पशुसेवा, पर्यटन तथा संस्कृति , उद्योग व्यापापर तथा व्यावसाय, भूमि व्यवस्था वैंक, वितिय तथा सहकारी, श्रम रोजगारी तथा गरिवी निवारण :२५ प्रतिशत**

- **कृषि, खाद्यशुरक्षा र सिचाई** : कृषक समूह, कृषि सहकारी, कृषि विउविजन, नश्ल, मलखादलाई टेवा पुऱ्याउने । हाट वजारको पूर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रमहरु । कृषक क्षमता विकास तथा छाडा चौपाय नियन्त्रण कार्यक्रम, प्राङ्गारिक खेती तथा मलको प्रवद्र्धन । कृषि सहकारीसँगको सहकार्यमा सामुदायिक बिउबिजन प्रशोधन तथा वितरण कार्य गर्ने । तरकारी खेती, मत्स्यपालन, पुष्प व्यवसाय, मौरापालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत सहभागिताको आधारमा संचालन गरिने कार्यक्रम, वडा भित्रका उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने कार्यक्रम । कृषिको प्रर्वद्धन हुने खालको, आयमूलक र स्वरोजगारमूलक सिर्जना हुने खालका कार्यक्रमहरु, सीमान्तकृत समुदायको आर्थिक अवस्था सुधारका लागि सहकारीमा आवद्धता र वित्तीय साक्षरता कार्यक्रम । कृषियोग्य जमीन सिंचित हुने कार्यक्रम : इनार, ट्युवेल, भूमिगत सिंचाइका लागत साझेदारीमा आधारित लगायत नयाँ प्रविधिमा आधारित अन्य सिंचाइ कार्यक्रम, नदी उकास क्षेत्रको संरक्षण ।
- **पशुपंक्षी सेवा:** गाई, भैंसी, बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रम गरी उन्नत नश्लका पशुहरूको सङ्ख्यामा वृद्धि गर्ने कार्यक्रम । गाई/भैंसी/पाडा/पाडी बाच्छी पालन तथा संरक्षण कार्यक्रममा सहयोग पुऱ्याउने । पशुनश्ल सुधार कार्यक्रमलाई टेवा पुऱ्याउने ।
- **पर्यटन तथा संस्कृति** स्थानीय तथा ग्रामीण पर्यटन प्रवर्धन कार्यक्रम । थारु, मगर, गुरुङ्ग लगायतका संस्कृतिमा आधारित पर्यटन प्रवर्धनका कार्यक्रमहरु । धार्मिक, पुरातात्विक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण र सर्वद्धन गर्ने कार्यक्रम । मौलिक संस्कृतिहरूको जगेर्ना गर्दै सांस्कृतिक पर्यटनको प्रर्वद्धन गर्ने कार्यक्रम । वडास्तरीय भाषा संस्कृति संरक्षण र प्रर्वद्धन,
- **उद्योग व्यापापर तथा व्यावसाय** स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उघमको प्रवर्धन गर्न सिपमुलक तालिमको व्यवस्था गरी उत्पादिन वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने
  - **भूमि व्यवस्था वैंक वित्तिय तथा सहकारी**
  - **श्रम रोजगारी तथा गरिवी निवारण**

**२. सामाजिक क्षेत्र संग सम्बन्धित ( शिक्षा विज्ञान कला भाषा तथा साहित्य, स्वास्थ्य र पोषण, खानेपानी, सरसरफाई तथा स्वच्छता, महिला बालबालिका र लक्षित बर्ग (समावेशी विकास विकास), युवा तथा खेलकुद**

**: २५ प्रतिशत**

- **शिक्षा विज्ञान कला भाषा तथा साहित्य** : हाम्रो विद्यालयको सुन्दरता र सरसफाईका लागि हरेक दिन मेरो दुई मिनेट अभियानलाई सहयोग पुर्याउने कार्यक्रम । विद्यालय शिक्षा सुधार अभियानलाई टेवा पुर्याउने कार्यक्रम । प्रारम्भिक बालशिक्षालाई व्यवस्थित रूपमा सञ्चालनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री, व्यवस्थित कक्षा कोठाको निर्माण । सामुदायिक विद्यालयहरुका पूर्वाधार तथा ईसिडि कक्षा व्यवस्थापन र स्थानीय स्रोत समेत परिचालन गरी विद्यालय तारवार कार्यक्रम । स्थानीय स्रोत सहितको विद्यार्थी भर्ना अभियानलाई टेवा पुर्याउने कार्यक्रम । शिक्षकहरुको क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम । सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्दि गर्न सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक तथा खेलकुदका सामाग्री, प्रयोगशाला, शुद्द खानेपानी, छात्र-छात्राको लागी अलग अलग शौचालय, सरसफाई, इन्टरनेट, कम्प्युटर, पुराना भवन मर्मत तथा रंग रोगन, शिक्षकको लागि अनुदान आदिको व्यवस्थाको लागि रकम विनियोजन गर्ने

- **स्वास्थ्य तथा पोषण** : आधारभूत स्वास्थ्य सेवा संचालनमा सहयोग पुर्याउने कार्यक्रम । जनस्वास्थ्य सेवाको प्रवर्धन कार्यक्रम । आधारभूत ल्याब संचालन र व्यवस्थापनमा सहयोग पुग्ने कार्यक्रम । स्वास्थ्य संस्थाहरुको आधारभूत क्षमता अभिवृद्धि र संस्थागत विकास कार्यक्रम । किशोर किशोरीहरूलाई साथी शिक्षा (Peer education), प्रजनन स्वास्थ्य र यौनसम्बन्धी विषयहरूमा चेतना अभिवृद्धि गरी सभ्य र सुरक्षित व्यवहार प्रर्वद्धन गर्ने कार्यक्रम ।
- **खानेपानी, सरसरफाई तथा स्वच्छता** सरसफाई सचेतनाको अभिवृद्धि र फोहोरमैलाको व्यवस्थापन (फोहोरमैला संकलन पुनःउपभोग प्रशोधन र विसर्जनलाई टेवा पुर्याउने खालका (यस्ता कार्यक्रम प्रस्ताव गर्दा गल्ने र नगल्ने फोहोरलाई छुट्टिने कुराको सुनिश्चित हुने पर्ने । नगरपालिकाले अभियानात्मक रुपमा अगाडि सारेका कार्यक्रम नगर सरसफाई र हरियाली प्रर्वद्धन, गल्ने फोहोर नगल्ने फोहोर व्यवस्थापन, टोल विकास संस्थाको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम प्राथमिकतामा राख्ने ।
- **महिला बालबालिका र लक्षित बर्ग (समावेशी विकास विकास)** : जेष्ठ नागरिक क्लब, भेटघाट स्थलको निर्माण, संरक्षण, व्यवस्थापन, बाल अपांग तथा जेष्ठ नागरिकमैत्री पार्क र सेवाकेन्द्र निर्माणका आयोजनाहरु, महिला, बालबालिका, आदिवासी, जनजाती, दलित तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने र रोजगार सिर्जना गर्ने, क्षमता अभिवृद्धि हुने । बालविवाह बहुविवाह लैङ्गिक हिंसा छुवाछुत दाइजो बालश्रम मानव वेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गराउने कार्यक्रम । महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण रोकथाम नियन्त्रण र व्यवस्थापन ।
- **युवा तथा खेलकुद** खेलकुद संरचनाको पूर्वाधार निर्माण संचालन र विकास गर्ने खालका योजनाहरुलाई आवश्यकताको आधारमा समेटन सकिने ।

३. **पुर्वाधार विकास**( आवास, भवन तथा बस्ती विकास सडक, पुल तथा यातायात, जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा, सूचना तथा सञ्चार प्रविधि) : ४० प्रतिशत

- **आवास, भवन तथा बस्ती विकास** वडा कार्यालय, स्वास्थ्य संस्था मर्मत सम्भारका कार्यक्रम, एउटै वडामा २ वटा भन्दा वढी सामुदायिक भवनमा लगानी नगर्ने ।
- **सडक, पुल तथा यातायात** वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय, कृषि/पशु सेवा केन्द्र, सासाहिक हाटबजार संग जोडिएका सडकलाई स्तरोन्नती गर्न प्राथमिकता दिने, सडक निर्माण गर्दा जग्गा वर्गिकरण प्रतिवेदनमा आवासीय क्षेत्रको रुपमा पहिचान भएका क्षेत्रका सडक तथा नक्सा अनुसारको सडक तथा ६ मी भन्दा वढी चौडाईको सडकमा मात्र बजेट विनियोजन गर्ने, नापी नक्सामा भएका कूलो, राजकूलो खोल्सा खोला पोखरी इत्यादी सार्वजनिक स्थल जनाईएका स्थानबाट बाटो निर्माण गर्न बजेटको व्यवस्था नगर्ने । सडकमा झरेको पहिरो हटाउने, नाला तथा संरचना निर्माण तथा मर्मत, ह्यूम पाइप तथा बक्स कल्भर्ट , खाल्डा खुल्डी पुर्ने तथा साइडवाल तथा नाला निर्माण
- **जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा** वायोग्यास, विद्युतीय चुल्हो, सुधारिएको चुल्हो र सौर्य उर्जा प्रवर्द्धन, सडक बत्ती जडान विद्युत लाइन विस्तार, क्षमता स्तरोन्नति, विद्युत उपयोग विस्तार, पहिरो संरक्षण, गल्छी खोला तथा खोल्सा क्षेत्र वरपर वृक्षरोपण, बर्षातको पानीलाई संकलनका लागि १ वटा रिचार्ज पोखरी निर्माण
- **सूचना तथा सञ्चार प्रविधि** सूचना प्रविधिमैत्री सेवा प्रवाह, सफ्टवयर र सूचना व्यवस्थापन प्रणाली तथा उपकरण खरिद र सञ्चालन, विद्यालय र स्वास्थ्य संस्थामा सूचना प्रविधि जडान र सञ्चालन, जिआइएस नक्शाकन सञ्चालन, विद्युतीय हाजिरी प्रणाली, डिजिटल प्रोफाइल तयारी तथा अद्यावधीकरण, डिजिटल वडापत्र, सूचना प्रविधि सम्बन्धी क्षमता विकास कार्यक्रम

४. **वन तथा वातावरण विकास (वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण, वातावरण तथा फोहोरमैला व्यवस्थापन, विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन) : ५ प्रतिशत**

- **वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण** पहिरोग्रस्त तथा संवेदनशील क्षेत्रमा वृक्षरोपण, आकासे पानी संकलन तथा जलपुनर्भरण पोखरी निर्माण, गल्छी, खहरे तथा पहिरो नियन्त्रण, बाँध तथा तटबन्ध निर्माण, वायोइञ्जिनियरिङ तथा विकासका पूर्वाधार संरक्षण, जलउत्पन्न प्रकोप नियन्त्रण ।

- **वातावरण तथा फोहोरमैला** व्यवस्थापनफोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतना तथा क्षमता विकास, फोहोरमैलाको स्रोतमा वर्गीकरण, पुनप्रयोग कम्पोष्टिङ, फोहोरमैला संकलन विन वितरणप्लाष्टिक झोला निरूत्साहत र वैकल्पिक प्रयोग तथा प्लाष्टिक र शिशाजन्य सामाग्री प्रयोग न्यूनीकरण, जलाउने कार्य निरूत्साहन अभियान, वातावरणमैत्री स्थानीय शासन कार्यक्रम, स्थानीय आयोजनाको वातावरणीय अध्ययन, वातावरण सम्बन्धी सचेतना कार्यक्रम,

- **विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन** अनुकुलनस्थानीय अनुकुलन योजना तर्जुमा र कार्यान्वयन, बस्ती र टोल, संरक्षण शिक्षा तथा सचेतना, पोखरी निर्माण तथा संरक्षण, जोखिम क्षेत्रमा रहेका संरचनालाई संरक्षण गर्न वायोइञ्जिनियरिङ संरचना निर्माण

५. **संस्थागत विकास र सुशासन (नीति कानुन, न्याय र प्रशासन, संगठन, मानव संशाधन राजश्व तथा श्रोत परिचालन र योजना र विकास व्यवस्थापन ) : ५ प्रतिशत**

- **नीति कानुन, न्याय र प्रशासन**नीति कार्यक्रम तथा बजेट सार्वजनीकरण, सुशासन तथा जवाफदेहिता प्रर्वद्धन कार्यक्रम, नीति, कानून, कार्यविधि ,मापदण्ड तर्जुमा प्रकाशन ,स्थानीय विवादको मेलमिलाप तथा निरुपण,न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,सुशासन तथा जवाफदेहिता प्रवर्द्धन
- **संगठन, मानव संशाधन र सेवा प्रवाह** सामाजिक परिक्षण, जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन,प्रहोत्साहन तथा पुरस्कार,नागरिक समाज क्षमता विकास, नगर प्रहरी गठन
- **राजश्व तथा श्रोत परिचालन** अनलाइन राजश्व भुक्तानी प्रणाली, राजश्व सुधारका लागी नागरिक सचेतना कार्यक्रम,
- **योजना र विकास व्यवस्थापन** उत्कृष्ट उपभोक्ता समिति सम्मान तथा प्रोत्सहान कार्यक्रम

**अन्त्यमा :**

१. विगतका अधुरा योजनालाई सम्पन्न गर्नको लागि प्राथमिकता दिने ।
२. अधिकतम लागत सहभागिता जुट्ने खालका आयोजनाहरुलाई प्राथमिकता दिने ।
३. एक आ.व. मा सम्पन्न हुने खालका आयोजनाहरुलाई ।
४. कृषिको प्रर्वद्धन हुने खालको, आयमूलक र स्वरोजगारमूलक सिर्जना हुन खालका ।
५. वन वातावरण संरक्षण र सम्वर्धन गर्ने खालको, न.पा. को आर्थिक र प्राविधिक क्षमताले गर्न सक्ने खालको, आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने योजनाहरुको सुरुमा नै ल.ई. तयार गरी ल.ई. का आधारमा वजेट विनियोजनको व्यवस्था गर्ने ।
६. पूर्वाधारका योजनाहरु छनौट गर्दा ५ लाख भन्दा कम लागतका आयोजना छनोट नगर्ने । ५० लाख बजेट सिलिङ्ग प्राप्त गर्ने वडाले कम्तिमा १० लाखको, १ करोड सम्म बजेट सिलिङ्ग हुने वडाले कम्तिमा १५ लाखको र १ करोड भन्दा माथी बजेट सिलिङ्ग हुने वडाले कम्तिमा २० लाखको वडा गौरबको योजना छनोट गर्ने यस्तो वडा गौरबको योजनालाई नगरले समेत थप बजेट उपलब्ध गराउने। साना मर्मत सम्हार र आकस्मिक कोषको रुपमा प्रत्येक वडाले २ देखी ५ लाख बजेट व्यवस्था गर्ने ।

राजस्व परिचालन गर्न सहयोग पुर्याउने कार्यक्रमहरु ।

- टोल विकास समितिको लागि आवश्यक बजेट सम्बन्धित वडा कार्यालयले व्यवस्था गर्ने
- शिक्षकको तलव भत्तामा रकम विनियोजन नगर्ने ।
- **खर्च गर्न निषेध गरिएका कार्यक्रम** : चन्दा, पुरस्कार, पत्रपत्रीकामा शुभकामना लगायत काम बेगरका विज्ञापन, क्यालेण्डर छपाई, विभिन्न प्रकारका अवलोकन भ्रमण, वितरणमुखी कार्यक्रमहरु ।
- **योजनासँग पठाउनु पर्ने कागजातहरु** : नगरपालिकाले उपलब्ध गराएको ढाँचामा तयार गरी सम्बन्धित वडा अध्यक्षले प्रमाणित गरेको कभरिङ्ग लेटर र वडा समितिको बैठकको निर्णय । टोल विकास समितिहरुको उपस्थिति सहित वृहत भेलाको माईन्यूट ।